**जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७१**

कृषि विकास मन्त्रालय

माघ २०७१

# जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७१

**प्रस्तावनाः**

नेपाल सरकारको आर्थिक बर्ष २०७१।७२ को नीति तथा कार्यक्रमको बुँदा नं. १७ मा "दलित, भूमिहिन, सुकुम्वासी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायलाई लक्षित गरी जग्गा भाडामा दिइ खेती गर्न लगाइनेछ" उल्लेख भएकोले सो को कार्यान्वयन गर्न नेपाल सरकार, कृषि विकास मन्त्रलायले यस **"जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७१"** स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यबिधि, २०७१"** रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. उद्देश्यहरुः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्**

(क) दलित, भूमिहिन, सुकुम्वासी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायलाई जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्न प्रोत्साहन गर्ने ।

(ख) आय आर्जनको माध्यमबाट लक्षित समुदायको गरिबी निवारणमा टेवा पुऱ्याउने ।

**३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "स्थानीय निकाय" भन्नाले सम्बन्धित गाऊँ विकास समिति वा नगरपालिका वा जिल्ला विकास समितिलाई सम्झनु पर्छ ।

(ख) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति वा स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको दलित जाति भित्रको थर भनी प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "भूमिहिन" भन्नाले स्थानीय निकायको प्रमुखले भूमिहिन भनी प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "सुकुम्वासी" भन्नाले स्थानीय निकायको प्रमुखले सुकुम्वासी भनी प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) "मुक्त कमैया" भन्नाले स्थानीय निकायको प्रमुखले मुक्त कमैया भनी प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "हलिया" भन्नाले स्थानीय निकायको प्रमुखले हलिया भनी प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "पछाडि परेका समुदाय" भन्नाले राज्यको सेवा प्रवाहबाट वन्चित भएको समुदायलाई सम्झनु पर्दछ ।

(ज) "लक्षित समुदाय" भन्नाले दलित, भूमिहिन, सुकुम्वासी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायका कृषकलाई सम्झनु पर्दछ ।

**४. जग्गा भाडा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था :**

(क) लक्षित समुदायका कृषकहरुले जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न चाहेमा भाडाको रकममा शत प्रतिशत अनुदान उपलब्ध गराइने छ।

(ख) लक्षित समुदाय कृषकहरुलाई जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न निःशुल्क प्राविधिक सेवा टेवा तथा उत्पादन सामाग्रीको खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने छ।

(ग) उप दफा (क) र (ख) मा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार, कृषि विकास मन्त्रालयले बार्षिक बजेटमा व्यवस्था भएको बजेटको सीमा भित्र रही अनुदान उपलब्ध गराउने छ।

**५. जग्गा भाडा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने आधार र अनुदान रकम :**

(क) लक्षित वर्गका समुदायले व्यवसायिक खेती गर्न जिल्ला कृषि विकास कार्यालयमा अनुसूची २ अनुसारको आयोजना अवधारणा पत्र तयार गरि पेश गर्नु पर्नेछ।

(ख) लक्षित वर्गका समुदायले दफा ४ (क) र (ख) अनुसार अनुदान लिन व्यवसायिक खेती गर्न जग्गा भाडा लिने र दिने पक्षबीच भएको सम्भौता पत्र व्यवसायिक योजनासाथ संलग्न गरि जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) लक्षित वर्गका समुदायबाट पेश भएका व्यवसायिक योजना प्रस्ताव मूल्याङ्कन समितिबाट स्वीकृत भएको हुनु पर्नेछ।

(घ) जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायले देहाय वमोजिमको कार्यक्रमको लागि उल्लेखित प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**तालिका नं. १**

| लक्षित वर्ग | कार्यक्रम | अनुदानको किसिम | अनुदान रकम |
|---|---|---|---|
| दलित, भूमिहिन, सुकुम्वासी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदाय | जग्गा भाडामा लिइ व्यवसायिक खेती | जग्गा भाडा र उत्पादन सामाग्रीको खरिदमा अनुदान एवं निःशुल्क प्राविधिक सेवा | जग्गा भाडामा १०० प्रतिशत र उत्पादन सामाग्रीको खरिदमा ५० प्रतिशत अनुदान (रु.१ लाखमा नवढ्ने गरी) |

**६. अनुदान उपलब्ध गराउन व्यवसायिक योजना माग तथा छनौट विधिः**

(क) यस कार्यविधि अनुरुप जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्न इच्छुक लक्षित वर्गका समुदायका कृषकबाट दफा ४ (क) र (ख) अनुसार अनुदानको लागि जिल्ला कृषि विकास कार्यालयले अनुसूचि १ वमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(ख) यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न लक्षित वर्गका समुदायका कृषकले निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु एवं व्यवसायिक योजनामा उल्लेख हुनु पर्ने विवरणहरु, निवेदन दर्ता गर्ने मिति बारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ग) लक्षित वर्गका समुदायले सार्वजनिक सूचनामा तोकिएको मिति भित्र तोकिएको कार्यालयमा यस कार्यविधिको अनुसूची २ अनुसारको आयोजना अवधारणा पत्र र जग्गा भाडामा लिएको सम्झौता पत्र सहित अनुसूचि ३ वमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(घ) जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायका कृषकबाट पेश भएका प्रस्तावको मूल्याङ्कन देहायका आधार (Criteria) मा गरिनेछ ।

१) व्यक्तिगत विवरण सम्बन्धी (२५ अंक)

२) प्राविधिक प्रस्ताव सम्बन्धी (५० अंक)

३) आर्थिक प्रस्ताव सम्बन्धी (२५ अंक)

(ङ) जिल्ला कृषि विकास कार्यालयबाट खण्ड (क) अनुसार आह्वान गरिएको सूचना अनुरुप लक्षित वर्गका समुदायका कृषकबाट पेश भएका प्रस्तावहरु कृषि सेवा केन्द्रले संकलन गर्नेछ र निर्दिष्ट समय भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

(च) प्राप्त हुन आएका प्रस्तावहरुमा अनुदान दिने सम्बन्धमा छनौटका लागि देहायका पदाधिकारीको प्राविधिक समितिले प्रस्ताव मूल्याङ्कन गरि जिल्ला कृषि विकास समितिमा अन्तिम छनौटको लागि सिफारिस साथ पेश गर्नेछ ।

(छ) उप दफा (च) बमोजिमको प्राविधिक समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्:

| | |
|---|---|
| प्रमुख, जिल्ला कृषि विकास कार्यालय | संयोजक |
| अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला पशु सेवा कार्यालय | सदस्य |
| अध्यक्ष वा नीजको प्रतिनिधि, जिल्ला गैर सरकारी महासंघ | सदस्य |
| शाखा प्रमुख, योजना शाखा, जिल्ला कृषि विकास कार्यालय | सदस्य सचिव |

(ज) खण्ड (छ) वमोजिम समितिले आवश्यकता अनुसार खण्ड (घ) मा उल्लेखित मूल्यांकनका आधारको परिधि भित्र रही नीतिगतरुपमा अंक वाडफाँडको वस्तुगत आधार वनाई मूल्याँकन गर्नुपर्नेछ ।

(झ) प्राविधिक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **अनुदान प्रवाह विधिः** जग्गा भाडा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायका कृषकलाई अनुदान प्रदान गर्ने विधि देहाय वमोजिम हुनेछ ।

(क) जिल्ला कृषि विकास समितिवाट अनुदानको लागि छनौट गरिएको प्रस्तावबारे सम्वन्धित व्यक्तिलाई यथाशिघ्र पत्राचार गरी सम्झौताको लागि जिल्ला कृषि विकास कार्यालयले जानकारी गराउनु पर्नेछ । सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले छनौट भएका कृषकलाई अनुसूचि ४ वमोजिमको ढाँचामा सम्झौता गराउनेछ ।

(ख) अनुदानको लागि छनौट भएको कृषकले व्यवसायिक योजना अनुसारको कार्य गर्न सम्झौता गरेको र जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न सम्बन्धित जग्गाधनीहरुसंग औपचारिक सम्झौता गरेको हुनुपर्नेछ ।

(ग) अनुदान रकम बढी प्राप्त गर्ने मनसायले मिलेमतो गरी अवास्तविक भाडा सम्झौता गरेको पाईएमा निर्णयकर्ता र सेवाग्राहीलाई प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।

**८. अनुगमन व्यवस्था :** यस कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) जग्गा भाडा लिइ व्यवसायिक खेती गर्ने लक्षित वर्गका समुदायका कृषकले गरेका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

(ख) उप दफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्:

| | |
|---|---|
| उप–महानिर्देशक, कृषि विभाग (योजना) | संयोजक |
| शाखा प्रमुख, अनुगमन तथा मूल्याँकन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, अनुगमन मूल्याँकन शाखा, कृषि विभाग | सदस्य–सचिव |

(ग) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) स्वीकृत व्यवसायिक योजना अनुसार अनुदान रकम सदुपयोग भए/नभएको अनुगमन गर्ने ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने कार्य गर्ने ।

(३) लक्षित वर्गका समुदायका कृषकहरुको गरिबी न्यूनीकरणका लागि अन्य कार्यक्रम तथा सुझाव दिने ।

(ङ) संचालित कार्यक्रमहरुको केन्द्रिय तथा क्षेत्रीयस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय वा सम्वन्धित कार्यक्रमबाट समेत हुनेछ ।

(च) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

**९. कार्यविधिमा संशोधन तथा थपघटः** यस कार्यविधिमा कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ । आर्थिक पक्षको हकमा अर्थ मन्त्रालयको सहमतिमा संशोधन गर्न सक्नेछ ।

## अनूसुची १

(दफा ६ को खण्ड (क) संग सम्बन्धित)

सूचना

यस कार्यालयको आ.व........./...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्न चाहने** दलित, भूमिहिन, सुकुम्वासी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायका कृषकहरुबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। लक्षित वर्गका समुदायका ईच्छुक कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ......दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा पेश गर्न र यस विषयमा थप जानकारीका लागि सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

१. अनूसूची-२ अनुसारको आयोजना अवधारणा पत्र

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. स्थानीय निकायका प्रमुखले प्रदान गरेको लक्षित वर्गका समुदायको कृषक भएको सिफारिस पत्र

## अनुसूची –२

(दफा ६ को खण्ड (ग) संग सम्बन्धित)

# आयोजना अवधारणा पत्र

## (क) व्यक्तिगत विवरण

१. प्रस्ताव पेश गर्ने व्यक्तिको नाम थर :

२. नेपालको राष्ट्रिय परिचय पत्र वा नागरिकाता नं. :

३. जन्म स्थान तथा स्थायी ठेगाना :

४. लिङ्ग : (क) पुरुष ( ) (ख) महिला ( )

५. बैवाहिक स्थिती : (क) विवाहित ( ) (ख) अविवाहित ( ) (ग) विधवा/विधुर ( )

(घ) अलग भई बसेको ( )

६. तपाई आफूलाई कुन समूह/वर्गमा राख्नु हुन्छ ?
(क) दलित ( ) (ख) भूमिहिन ( ) (ग) सुकुम्वासी ( ) (घ) मुक्त कमैया तथा हलिया ( ) (ङ) पछाडि परेका समुदायका ( )

## (ख) प्राविधिक प्रस्ताव

२. आयोजनाको कार्यक्षेत्र:

३. आयोजनाको उद्देश्य:

४. आयोजनाको अन्तर्गत संचालन हुने गतिविधि:

५. अपेक्षित उपलब्धी (प्राथमिक तथा अन्य नतिजा तथा प्रभाव भौतिक तथा सामाजिक):

## (ग) आर्थिक प्रस्ताव

१ व्यवसायिक योजना अनुसार आयोजनाको कुल लागत रकम : रु. .........................

२ व्यवसायीको आफ्नो योगदानः रु. ..............

३ जिल्ला कृषि विकास कार्यालयबाट माग गरिएको अनुदान रकम रु. ......................

## अनुसुची –३

(दफा ६ को खण्ड (ग) संग सम्बन्धित)

**जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्न चाहने लक्षित वर्गका समुदायका कृषकलाई अनुदानका लागि आवेदन-पत्रको फारम**

श्रीमान् प्रमुखज्यू,
जिल्ला कृषि विकास कार्यालय,

विषय : जग्गा भाडामा लिइ व्यवसायिक खेती कार्यक्रम वारे ।

महोदय,

कृषि विभागको मिति ............................ को ...............................पत्रिकामा प्रकाशित सूचना अनुसार .........................................................मैले जग्गा भाडामा लिइ व्यवसायिक खेती कार्यक्रम सञ्चालन गर्ने भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेको छु । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूची-२ अनुसारको आयोजना अवधारणा पत्र
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. स्थानीय निकायका प्रमुखले प्रदान गरेको लक्षित वर्गका समुदायको कृषक भएको सिफारिस पत्र

निवेदन दिनेको तर्फबाट

नाम :

ठेगाना :

दस्तखत :

मिति :

## अनुसुची-४

(दफा ७ को खण्ड (क) संग सम्बन्धित)

## सम्भौता पत्र

............................बाट संचालन गरिने चालु आ.व. .......... को स्वीकृत कार्यक्रम अनुसार जग्गा भाडामा लिइ व्यवसायिक खेती कार्यक्रम सञ्चालन गर्न निम्ति जिल्ला कृषि विकास कार्यालय, ..... ............. (यसपछि प्रथम पक्ष भनिने) र कार्यक्रम सञ्चालन गर्न छनौट भएका लक्षित वर्गका समुदायका कृषक श्री................................................ (यसपछि दोश्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्भौता गरिएको छ ।

**तपसिल**

१. प्रथमपक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा अनुदान रकम उपलब्ध गराउने छ । पहिलो किस्ता कार्य योजना अनुसारको बढीमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि र दोस्रो किस्ता प्रस्तावित कार्य सम्पन्न भए पछि स्थलगत अनुगमन पश्चात अनुदान रकम उपलब्ध गराइने छ ।

२. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम सरकारी बांकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाईने छ ।

३. खेती व्यवसायबाट उत्पादित कृषि उपजको बजार व्यवस्था दोश्रो पक्षले गर्नुपर्नेछ ।

३. प्रथम पक्षले खेती व्यवसायलाई सफल पार्न नियमित रुपमा अनुगमन गर्न सक्नेछ ।

४. अनुदान प्राप्त कृषिक/संस्थाले प्रत्येक ६ महिनामा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रगति प्रतिवेदन वुभ्फाउनु पर्ने छ ।

५. यस सम्भौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६. मन्त्रालय र यस मातहतका निकायहरुबाट गरिने/गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।

७. हरेक बर्षका लागि आवश्यकता अनुसार सम्भौता नविकरण भएपछि मात्र सम्भौता कार्यान्वयन मान्य हुनेछ ।

८. यस सम्भौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| जिल्ला कृषि विकास कार्यालयको तर्फबाट सहि गर्नेको | कार्यक्रम सञ्चालन गर्नेको सहि |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | |
| साक्षी | साक्षी |